नगर सन्देश
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
कीर्तिपुर नगरपालिका
विश्व नगरबासिंगी
कीगु किपू स्वच्छ किपू
वर्ष १ ● अङ्क २६ ● ने.सं. ११४० बछलागा ४ (चौथि) ● वि.सं. २०७७ बैशाख २९ गते, सोमबार ● 2020 May 11 Monday ● पृष्ठ ८
अनलाइन संस्करण

# कीनपाले राहत स्वरुप अनुदानमा धानको बिउ र मल उपलब्ध गराउँदै

## बिउ प्रति किलो रु.६०।- र यूरिया मल प्रति बोरा रु.८५०।- मात्र





कीर्तिपुर नगरपालिकाले नगरका किसानहरूलाई सहुलियत दरमा धानको बिउ र मल उपलब्ध गराएको छ। नगरपालिकाले धानको बिउमा राहत स्वरुप ५० प्रतिशत अनुदान दिई प्रति किलो ६० रुपैंया र मल प्रति बोरा ८५० रुपैंयामा किसानहरूलाई सहज रुपमा उपलब्ध गराएको हो।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड -१९) का कारण नेपालमा पनि गत चैत्र ११ गते देखि देशभरि नै लकडाउन भैरहेकोले यहाँका किसानहरू पनि मर्कामा परिरहेको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाले अबको समयलाई उत्पादनसँग जोड्दै कृषिलाई विशेष प्राथमिकतामा राख्दै आइहेको छ।

लकडाउन लम्बिरहेको अवस्थामा कीर्तिपुर नगरपालिकाले आफ्ना विकास निर्माणका कार्यहरूलाई पनि समाजिक दुरी कायम गर्दै विस्तारै पुनः शुरु गरिरहेको छ भने हाल खेति गर्ने समय पनि भएको र यसका लागि बिउ र मल अत्यावश्यक भएको तर किसानहरूलाई आवतजावत गरी मल तथा बिउ खरीद गर्न गाह्रो हुने भएकोले नगरपालिकाले यो विशेष पहल गरेको हो।

आज सोमबार कीर्तिपुर नगरपालिका वडा नं. ६, टौदह स्थित किपू दरबार ब्याङ्क्वेटमा भएको एक कार्यक्रममा नगर प्रमुख रमेश महर्जनले स्थानीय किसानहरूलाई धानको बिउ हस्तान्तरण गर्नुहुँदै बिउ वितरणको शुभारम्भ गर्नुभएको छ। बिउ नगरपालिकाको १० वटै वडामार्फत वितरण गर्ने बताइएको छ। उक्त कार्यक्रममा नगर प्रमुख महर्जनले स्थानीय किसानहरूसँग यदि बिउ छ भने आफूसँग भएको बिउ नै लगाउन अनुरोध गर्नुहुँदै किसानहरूलाई सहजका लागि मात्र नगरपालिकाले सिमित मात्रामा बिउ ल्याएको प्रष्ट पार्नुभयो। ६ नं. वडा अध्यक्ष न्हुच्छे बहादुर महर्जनले पनि मन्तब्य राख्नुभएको उक्त कार्यक्रम वडा सदस्य उत्तम नेपालले सञ्चालन गर्नुभएको थियो।

बिउ सँगसँगै किसानहरूलाई चाहिने रसायनिक मल पनि सम्बन्धित वडा तथा जनप्रतिनिधिहरूको सिफारिसमा नगरपालिकाले राहत स्वरुप अनुदान दिई सहुलियत दरमै सहजरुपमा उपलब्ध गराउँदै छ। यसका लागि सम्बन्धित वडाका सहकारी संस्थाहरूलाई जिम्मेवारी दिइएको छ। यसबारे आइतबार नगरका सहकारी संस्थाहरूसँग छलफल भएको थियो। नगरपालिका भवनमा भएको छलफलमा नगर प्रमुख महर्जनले हालको विषम परिस्थितिमा सहकारी संस्थाहरूसँग किसानहरूलाई आवश्यक सहयोग र समन्वय गर्न अनुरोध गर्नुभएको थियो।

## सम्पादकीय

# दुरुपयोग नहोस्

आज चीनको वुहानमा उद्‌गम भएको कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट सम्पूर्ण विश्व आक्रान्त छ। सिङ्गै विश्व कोरोना महामारी विरुद्धको लडाइँमा छ। यसै क्रममा नेपाल सरकारले पनि उच्च सतर्कता अपनाउने र भाइरस सङ्क्रमण रोक्ने उपायको रूपमा गत चैत ११ गतेबाट नेपालभर लागु हुने गरी लकडाउन लागु गरेको छ।

यही क्रममा कीर्तिपुर नगरपालिकाले पनि स्थितिको गम्भीरतालाई ध्यानमा राखी सबै प्रकारका भीडभाड हुने क्रियाकलापमा कडाइका साथ रोक लगाउँदै आएको छ र सोही लकडाउनका कारण कीर्तिपुरमा बसोबास गर्ने कोही पनि नागरिक भोकै बस्न नपरून् भनी वडा कार्यालयहरूमार्फत विपन्न जनता तथा असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्गलाई विभिन्न चरणमा खाद्यान्न लगायतका अत्यावश्यक वस्तु राहतको रुपमा वितरण गर्दै आएको छ। जुनकुरा स्वयंमा प्रसंशनीय त छँदै छ त्यसले साँच्चै समस्यामा परेका कीर्तिपुरे र कीर्तिपुरमा अस्थायी रुपमा बसोबास गरिरहेका नेपाली नागरिकहरूलाई ठूलो राहत पनि पुगेको छ। यसका लागि कीर्तिपुर नगरपालिकाले राहत वितरणका लागि १ करोड ५० लाख रुपैयाँको आकस्मिक कोष खडा गरेको छ भने सो कोषमा कीर्तिपुरलाई माया गर्ने विभिन्न व्यक्ति तथा संघसंस्थाहरूले ठूलो मात्रामा रकम जम्मा गरी कीर्तिपुरको उदारताको परिचय दिएको छ। अपवादमा बाहेक कीर्तिपुर नगरपालिकाको राहत वितरण कार्यमा कुनै विवाद र समस्या आएको छैन। यसै सन्दर्भमा नेपालीहरूको प्रमुख बाली धान रोपाइँको पूर्व तयारी गर्न हतार भै सकेको छ। यस्तो अवस्थामा कोरोना भाइरसको कारणले सृजित लकडाउनले गर्दा किसानहरूलाई धानको बीउ र रसायनिक मलको जोहो गर्न अप्ठेरो परेको कुरालाई मध्येनजर गरी कीर्तिपुर नगरपालिकाले धानको बीउ र रसायनिक मलमा राहत स्वरुप अनुदान प्रदान गर्ने निर्णय गरेको छ। यसको वितरण कार्यको प्रारम्भ आजै कीर्तिपुर वडा नं. ६ बाट शुभारम्भ गरि एको छ। सो बीउ र मल वडा कार्यालय तथा वडामा क्रियाशील सहकारीहरूमार्फत वितरण शुरु गरिएको छ। जुन कार्यले सम्पूर्ण किसानहरूलाई ठूलो राहत मिल्ने अपेक्षा नगरपालिकाले गरेको छ। तर यस कार्यमा अनुदान र अनुदानसहित प्रदान गरिने बीउ तथा र सानिक मल दुरुपयोग हुन रोक्न चाहिँ अति आवश्यक छ। यसको लागि अनुगमन गर्ने संयन्त्र चुस्त दुरुस्त बनाउनु आवश्यक छ। यस तर्फ नगरपालिका नेतृत्वको ध्यान जानु जरुरी छ।

अन्त्यमा कीर्तिपुर नगरसन्देश परिवार वर्तमान असहज परिस्थितिमा नगरपालिकाले चालेको यस कदमले कीर्तिपुरका सम्पूर्ण किसानहरूलाई बीउ र मल प्राप्त गर्न सहज हुने र कृषि उत्पादनमा कोरोनाको महामारीले कुनै नकारात्मक असर नपार्ने अपेक्षासहित नगरपालिका नेतृत्वलाई हार्दिक धन्यवाद्सहित किसानहरूलाई बधाई ज्ञापन गर्दछ र राहतको रुपमा अनुदानसहित प्राप्त बीउ तथा रसायनिक मलको सही सदुपयोग गरी कृषि उत्पादनमा थोरै भए पनि योगदान पुऱ्याउन पनि अनुरोध गर्दछ।

# कोरोना महामारीले नेपालमा ब्युँताएको कृषिको अपरिहार्यता - ३

**गणेश बहादुर थापा (थापा काजी)**

परापूर्वकाल (सत्य युगको उत्तरार्धतिर विश्वामित्र ऋषिको पालादेखि) काल देखि नै कृषि कार्यको शुरुवात भएको शास्त्रीय प्रमाणका आधारमा समेत प्राणी जीवनलाई बचाउने मूल आधार नै कृषि रहेको र मानवले आफ्नो उत्पत्तिकालदेखि नै केही न केही खाद्यवस्तु खाएरै आफूलाई बचाएको पाइन्छ। हामीले हाम्रो देश कृषि प्रधान मुलुक भन्दै आइरहेका छौं र पछिल्लो अवस्थामा राज्यले समेत कृषिलाई उच्च प्राथमिकतामा राखेको सन्दर्भमा नेपालको कृषि क्रमशः परम्परागत, निर्वाहमुखी तथा मनसुनमा आधारित कृषि प्रणाली, कृषि क्षेत्रमा अदृष्य बेरोजगारी, दुई तिहाईभन्दा बढी जनसङ्ख्या कृषि मै आश्रित, कृषि क्षेत्रमा वैज्ञानिक पद्धती र आधुनिकीकरणको कमी र उन्नत बिउबिजनको प्रयोगमा कमी जस्ता विशेषताहरूलाई तीन तहकै सरकारले मध्येनजर गरी सोही अनुरुप सुधारात्मक किसान लक्षित कार्यक्रम तत्काल ल्याउनु पर्ने अवस्था सृजना भएको छ। आफू र आफूसँगै जोडिएको जीवन बचाउनु पर्ने परिस्थितिलाई हामी सबैले स्वीकार गरी आफूले आफ्ना लागि आफूसँग उपलब्ध भएको जमिन, ठाउँ कतै खाली नराखी कृषि उत्पादन गर्नु पर्ने अपरिहार्यताको सन्देश कोरोनाले दिइहेको छ। यसरी बढ्दै गइरहेको शहरीकरणलाई समेत ध्यान दिंदै देशभित्र रहेका सम्पूर्ण जनसङ्ख्यालाई दैनिक पेट भर्नका लागि आवश्यक पर्ने खाद्यवस्तु उपलब्ध गर्नका लागि आयातमा भर नपरी देश भित्रै उत्पादन गर्न गराउन भूगोल, क्षेत्र वातावरण सुहाउँदो कृषि पेशा सञ्चालन गर्न र गराउन अत्यन्तै जरुरीको समय आईसक्यो।

कृषि पेशाका माध्यमले प्रशस्त आर्थिक आम्दानीका लागि स्वदेश मै उच्च सम्भावना हुँदाहुँदै पछिल्लो समयको उच्च आधुनीकीरण, शहरीकरण, शैक्षिक बेरोजगार, कृषिसँग सम्बन्धित नीति, नियम, कार्यक्रमहरूको अभाव, कमी, पारिवारिक पछौटेपन, गरिबी र अधिकतम व्यक्तिमा कृषि प्रति हेयको दृष्टिकोण जस्ता कारणले अधिकांश उत्पादनशील उमेर का जनशक्तीहरू दिनानुदिन विदेश पलायन भइरहेका र विषम कठिनाइका बाबजुद् छोटो समयमै प्रशस्त पैसा (आर्थिक आम्दानी) गरी स्वदेश फर्किने र सोही कमाएको पैसाले चाहिएको खाद्यवस्तु बजारबाट किनेर पारिवारिक दैनिकी चलाउने र पैसा सकेपछि फेरि विदेश नै पलायन हुने एक खालको अनियमित चक्रमा प्रायः नेपालीहरूको जीवन चलिरहेको परिवेशमा कोरोनाको विश्वव्यापी सन्त्रासका कारण विदेशमा काम गरिरहेका नेपालीहरू यतिबेला स्वदेशमै फर्किन बाध्य भएका र अन्ततः आफ्नै देशमा केही न केही गरेर बाँच्ने र यसका लागि कृषि नै पहिलो प्राथमिकता हो भन्ने कुरा महसुस गरेको यथार्थता हाम्रा सामू छर्लङ्ग भइसकेको छ।

हामीलाई दैनिक आवश्यक पर्ने खाद्यवस्तुको बजार कोरोनाकै कारणले गर्दा लामो समयका लागि बन्द भएको छ। विदेशी आयात पूर्णरुपमा रोकिएको छ। बाँच्नका लागि खाना खानु आवश्यक छ। खानाका लागि कृषि उत्पादन गर्न जरुरी छ। कृषि उत्पादनका लागि हामीसँग प्रचुरमात्रमा सम्भावना भएको भूगोल छ। यसर्थ यस सङ्कटको घडीमा विश्व एक गाँउको अवधारणाबाट टाढा रही स्वदेश एक गाउँको अवधारणामा हामी नेपालीहरू एकजुट भई सम्भावनायुक्त क्षेत्रमा सोही अनुरुपका कृषि पकेट कार्यक्रमहरू सञ्चालन गरौं र गराऔं। हामीसँग उपलब्ध भएका जमिनलाई अधिकतम सदुपयोग गरौं। आँगनको करेसाबारीदेखि घरको छत, कौशीसमेत बाँझो नराखी आजैबाट आफैंबाट कृषि उत्पादनमा जुटौं र जुटाऔं भन्ने अपरिहार्यता कोरोनाले नेपालमा ब्युँताएको छ। कोरोनाबाट बच्ने सुरक्षात्मक नियम पालन गरी आफूलाई सँधै व्यस्त र स्वस्थ राखौं। आफू पनि बाँचौं सँगसँगै अरुलाई पनि बचाऔं।

***समाप्त***

*(लेखक कीर्तिपुर नगरपालिकाका कृषि शाखा प्रमुख हुन्।)*

## मेरो धारणा

**हामीसँग उपलब्ध भएका जमिनलाई अधिकतम सदुपयोग गरौं। आँगनको करेसाबारीदेखि घरको छत, कौशीसमेत बाँझो नराखी आजैबाट आफैंबाट कृषि उत्पादनमा जुटौं र जुटाऔं भन्ने अपरिहार्यता कोरोनाले नेपालमा ब्युँताएको छ।**



*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# उप–प्रमुख खड्काद्वारा सुरक्षा अनुगमन

लकडाउनको समयमा काठमाडौं नै रेड जोन (खतरा क्षेत्र) भनी विभिन्न सञ्चार माध्यमहरूमा आइरहेको सन्दर्भमा कीर्तिपुर सुरक्षित रहेको बताइएको छ। केही दिन अघिमात्र कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखाद्वारा कीर्तिपुरमा विदेशबाट र बाहिर जिल्लाबाट आएका ११० जना व्यक्तिहरूलाई घर घरमै गई स्वास्थ्य परीक्षण गरेको र सो कार्यको नतिजा अनुसार सबैको नै कोरोना सङ्क्रमण नेगेटिभ आएकोले कीर्तिपुर सुरक्षित भएको बताएको हो। तथापि यसलाई अझ मजबुतका साथ सुरक्षित गर्न कीर्तिपुर प्रवेश हुने विभिन्न नाकाहरूको उप–प्रमुखको नेतृत्वमा बैशाख २६ गते स्थलगत अनुगमन गर्दै सुरक्षा निकायलाई अपरिचित व्यक्तिहरूलाई कीर्तिपुर प्रवेशमा रोक लगाउन निर्देशन समेत दिनुभयो।

कीर्तिपुरको प्रवेशद्वारा अमल्सि गेटमा रहेका सुरक्षाकर्मी, चोभार (सुलक्षण कीर्ति विहार)मा खटिरहेका सुरक्षाकर्मी, चोभारकै पहिले हिमाल सिमेन्ट रहेको ठाउँमा खटिरहेका सुरक्षाकर्मी र कीर्तिपुर–दक्षिणकाली सिमाना (चाल्नाखेल)मा खटिरहेका सुरक्षाकर्मीहरूलाई भेटी उप–प्रमुख खड्काले सुरक्षा व्यवस्था चुस्त राख्न निर्देशन दिनुभयो।



उप–प्रमुख खड्काले फलफुल तथा तरकारी बेच्ने नाममा अपरिचित व्यक्तिहरू कीर्तिपुरमा प्रवेश गरेर आतङ्कित गराइरहेकोले त्यस्ता व्यक्तिहरूलाई सम्बन्धित वडाको सिफारिसमा मात्र फलफुल तथा तरकारी बेचबिखन गर्न दिने अन्यथा त्यस्ता व्यक्तिहरूलाई प्रवेशमा कडाइका साथ रोक लगाउन निर्देशन दिनुभयो। अत्यावश्यक साधनको रुपमा रहेको एम्बुलेन्सले समेत विरामीको सट्टा अनाधिकृत रुपमा मान्छेहरूलाई ओसार पसार गरिरहेको प्रति ध्यानकार्षण गर्नुहुँदै उप–प्रमुख खड्काले एम्बुलेन्सलाई पनि कडा निरीक्षण गरी विरामी हो भने मात्र छोड्न अन्यथा त्यसलाई समेत रोक लगाउन निर्देशन दिनुभयो। उपत्यकका कुनै पनि पालिका एक्लैले मात्र लकडाउनको समयमा सुरक्षित राख्न सम्भव नभएकोले सबै पालिका मिलेर मात्र मानिसको आवत जावतमा कडाइ गरी लकडाउनलाई पूर्ण पालना गर्नुपर्ने बताउनहुँदै उप–प्रमुख खड्काले कीर्तिपुर र दक्षिणकाली नगरपालिकाको सिमाना चाल्नाखेलमा पुगी दक्षिणकाली नगरपालिका वडा नं १ का अध्यक्ष जय थापा मगरसँग पनि यस बारेमा छलफल गर्नुभएको थियो।

उप–प्रमुख खड्का नेतृत्वको अनुगमन टोलीमा कीर्तिपुर नगरपालिका वडा नं ९ का अध्यक्ष गंगाराम महर्जन, वडा नं. १ का सदस्य सुमन पोखरेल, वडा नं. १० का सदस्य संगीता उप्रेती श्रेष्ठ, नगरपालिकाका प्रशासन शाखा प्रमुख जनक थापा, कीर्तिपुरका स्थानीय पत्रकार नजरराम महर्जनलगायत कीर्तिपुरका स्वयंसेवकहरू रहेका थिए भने टोलीले सुरक्षाकर्मीहरूलाई मास्क र पञ्चा पनि वितरण गरेको थियो।

## कीर्तिपुर नगरपालिकाको
# अत्यन्त जरुरी सूचना

**विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ।**

- डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
- डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
- डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
- डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
- डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
- डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

**साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ।**

# किपू नगरपालिकां नेवाः पत्रकारतय्त राहत ज्वलं बिल

नेवाः पत्रकारतय्गु राष्ट्रिय सङ्गठन “नेवाः पत्रकार राष्ट्रिय दबुलिं” थःगु सङ्गठनय् क्रियाशील नेवाः पत्रकारतय्त राहतया लागि किपू नगरपालिकायात इनाप याःगु दु। कोरोना भाइरस सङ्क्रमण, रोकथाम व थुकिया नियन्त्रणया लागि नेपाल सरकारं लागु याःगु लकडाउनया इलय् न्ह्यःने (फ्रन्ट लाइनय्) च्वना सत्य तथ्य सुचं त प्रवाह यायेगु ज्याय् क्रियाशील जुयाच्वंपिं नेवाः पत्रकारत अभिव्यक्ति स्वतन्त्रता व प्रेस स्वतन्त्रता लिसलिसें समावेशी पत्रकारिता व मातृभाषा पत्रकारिता विकासय् न्ह्यज्यानाच्वंपिं न्ह्यथंसें थुगु इलय् न्हियान्हिथं समस्याय् लानाच्वंगुलिं नगर पालिकापाखें राहत ज्वलं बियाः ग्वहालि यानादीत इनाप याःगु खः।



दबूया इनापयात सम्बोधन यानादिसें नगरपालिकाया प्रमुख रमेश महर्जनं राहत ज्वलं उपलब्ध यानाब्यूगु दु। राहत ज्वलनय् जाकि ६०० किलो, कैँ (दाल) १०० किलो व चिकं १०० लिटर उपलब्ध यानाब्यूगु खः।

आइतवाः किपू नगरपालिका अमल्सिइ जूगु बःचाधंगु ज्याभ्भ्वलय् नगर प्रमुख महर्जनं दबूया केन्द्रीय न्वकू नृपेन्द्रलाल श्रेष्ठयात थ्व ज्वलं लःल्हाना ब्यूगु खः। ज्याभ्भ्वलय् नगरपालिकाया उप–प्रमुख सरस्वती खड्का, नगरपालिकाया पुनः निर्माण व विपद् व्यवस्थापन समितिया कजि लिसें ९ नं. वडाया अध्यक्ष गंगाराम महर्जन, दबूया मू–छ्याञ्जे सुनील महर्जन, दबूया केन्द्रीय दांभरि सुरेन्द्रभक्त श्रेष्ठलगायतया ब्वति दुगु खः।

नेवाः पत्रकारतय्या लागि मन क्वसायेका राहत उपलब्ध यानाब्यूगुलिं नगरप्रमुखयात सुभाय् बियादिसें नगरपालिकायात माःगु इलय् नेवाः पत्रकार राष्ट्रिय दबुलिं नं न्ह्याबलें ग्वहालि यायेगु बचं बियादिल।

# त्रिभुवन विश्वविद्यालयया भ्काःभ्की त सफा यात

छुं न्हि न्ह्यवनिसें किपूया त्रिभुवन विश्वविद्यालय लागाय चिताधुँ (चितुवा) खनेदुगु थीथी सामाजिक सञ्जालय् बय्बय् जूगुलिं किपू नगरपालिकां सकल नगरबासीयात थ्व पाखें सुरक्षित जुइत इनाप याःगु दु।

नगरपालिकां छगू सुचं पितब्युसें सुथ न्हापां, सनिलय् व सुं नं मदइगु इलय् (सुनसान इलय्) व लँय् याकःबाकः मजुइत नं इनाप याःगु दु। लकडाउनया ई नं जूगुलिं व थासय् अथे मजुइत इनाप याःगु खः। नगरपालिकाया प्रमुख रमेश महर्जनं अथे लँय् खनेदयकः वइम्ह चिताधुंयात सुरक्षित कथं लाना यंकेत वन विभागयात इनाप याःगु दु।

बन विभागया अधिकारीपिंसं नं स्थलगत निरिक्षण यानादिसें लकडाउन जूगुलिं सुं नं मनू जू मदुगुलिं थीथी थासय् चिताधुँलिसें मेमेगु जन्तु त पिहाँवयेगु यानाच्वंगु जानकारी बियादिसें इपिं च्वनाच्वनीगु थाय् भ्काःभ्कीत चिकाः छ्वतधाःसा इपिं अथें हे थःगु थासय् वनी धकाः ध्वाथुइकादिल।



उकथं हे वंगु बैशाख २४ गते बुधवाःखुन्हु त्रिविइ चिताधुँ वइगु धाःगु थासय् भ्काःभ्की त सफा यायेगु ज्या याःगु दु। किपू नगरपालिका वडा नं. १ या अध्यक्ष हर्ष महर्जन, २ या अध्यक्ष रमेशमान डंगोल, ९ या अध्यक्ष गंगाराम महर्जन व १० या अध्यक्ष अमन महर्जन लगायत त्रिविया विद्यार्थी सङ्गठनया प्रतिनिधि व विद्यार्थीत जानाः भ्काःभ्कीत सफा याःगु खः।

त्रिविया सुरक्षा गार्डतय् कथं त्रिविया सेवा आयोग दुगु भवन जःखः च्वंगु भ्काः दुथाय् न्याम्हति हे चिताधुँ दुगु व इपिं सुथय् ४ ताः ई निसें ६ ताः इलय् तक व सनिलय् नं ४ः३० निसें ७ ताः ई तक अथे लँय् वयाच्वनीगु खः। इमिसं लाछि खिचात व साया मचात नयेगु यानाच्वंगु दु।

# किपू नगरपालिकाया 'आकस्मिक कोषय्' जिन्सि लिसें दां ग्वहालि याःगुया छुं छुं किपा

(ल्यं दनिगु किपा त मेगु अङ्कय् छसिंकथं पिथनेगु जुइ ।)



















**बिउ वितरण :** कीर्तिपुर नगरपालिकाले प्रत्येक वडा मार्फत किसानहरूलाई धानको बिउ राहत स्वरुप अनुदानमा वितरण गर्दै । आज सोमवार वडा नं. ६, टौदह स्थित किपू दरवार ब्याङ्क्वेटमा नगर प्रमुख रमेश महर्जनले किसानहरूलाई बिउ हस्तान्तरण गर्नुहुँदै बिउ वितरण कार्यको शुभारम्भ गर्नु भएको छ । *तस्बिर : ज्ञानकुमार महर्जन*

# पुष्पलाल स्पोर्टस् क्लब विपद्मा जनताको घरदैलोमा

पुष्पलाल स्पोर्टस् क्लबको संयोजनमा कीर्तिपुर नगरपालिका वडा नं. ४ मा घरघरमा गई ज्वरो नाप्ने, प्यारा सिटामोल, मास्क र भिटामिन बि–कम्प्लेक्स औषधि निःशुल्क रुपमा वितरण गर्नुका साथै स्वास्थ्य परामर्श दिने काम शुरु भएको छ ।

पहिलो दिन आइतबार पुष्पलाल टोल, ज्वालादेबी टोल र थापा गाउँ टोल गरी करीव ३५० घरका ९०० स्थानीय जनता प्रत्यक्ष लाभान्वित भएका थिए । कीर्तिपुर नगरपालिकाको प्राविधिक सहयोग र थापा गाउँ बचत समूह, टुसाल युथ क्लब र हाम्रो गाम्चा विकास समितिको सहभागितामा उक्त कार्यक्रम सञ्चालन भएको पुष्पलाल स्पोर्टस् क्लबका निवर्तमान अध्यक्ष केदार बुढाथोकीले जानकारी दिनुभयो । पुष्पलाल स्पोर्टस् क्लबका अध्यक्ष ईश्वर बुढाथोकीले उक्त कार्यक्रम वडाका सबै स्थानीय जनताको घरघरमा पुऱ्याउन क्लब निरन्तर



लाग्ने र हरेक परिस्थितिमा क्लब स्थानीय जनताको साथमा हातेमालो गर्दै आफ्नो सामाजिक उत्तरदायित्वमा अगाडि बढ्ने जानकारी दिनुभयो । त्यसका लागि क्लबले विभिन्न चरणमा आफ्ना कार्यक्रमहरू अगाडि बढाएको र स्थानीय बासिन्दाहरूको राम्रो साथ र सहयोग पाएको समेत जानकारी दिनुभयो ।

कार्यक्रम एक हप्तासम्म चल्ने र वडाका सबै घर र टोलमा पुग्ने समेत बताउनुभयो ।

## सूचना ! सूचना ! !

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

सम्पर्कको लागि
कीर्तिपुर नगरपालिका भवन
फोनः ४३३११८९
ईमेल
nagarsandes@gmail.com

## घुम्ती फलफुल तथा तरकारी बिक्री सम्बन्धी सूचना

विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै यस कीर्तिपुर नगरपालिकाभित्र साइकल, ठेलागाडा तथा टोकरीमा डुलेर फलफुल तथा तरकारी लगायत अन्य सामग्रीहरू सम्बन्धित वडाको अनुमति बिना बिक्री वितरण गर्ने गरेको देखिएकोले सो कार्य तुरुन्त रोक्नु हुन अनुरोध गरिन्छ। साथै टाटा मोवाइल, भ्यान जस्ता सवारी साधनमा विक्री वितरण गर्नेले सम्बन्धित वडा कार्यालयबाट स्वीकृति लिएर मात्र विक्री वितरण गर्नु हुन समेत अनुरोध गरिन्छ। अन्यथा नियमानुसार कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

## कीर्तिपुर नगरपालिकाको सूचना

नेपाल सरकारले घोषणा गरिरहेको लकडाउनको स्थितिलाई मध्यनजर गर्दै नेपाल सरकारको मिति २०७७ बैशाख २४ गतेको निर्णयअनुसार औषधि/स्वास्थ्य सामग्री उद्योग, दुग्ध प्रशोधन, खाद्यान्न, खानेपानी, पशुपक्षी दाना, खाने तेल तथा घ्यू, चिनी, चिया प्रशोधन, कफी, एलपी ग्यास, प्याकेज सामग्री, पाउरोटी, बिस्कुट, कन्फेक्सनरी, चाउचाउ, मसला, दाल, अलैंची, अदुवा प्रशोधन, पशुपक्षीपालन, धान चामल, चिउरा, पशु औषधि, खनिजजन्य उद्योग, बालुवा प्रशोधन तथा क्रसर, सिमेन्ट, फलाम तथा स्टिल, पेन्टिङ, जीआई र प्लास्टिक पाइप, फिटिङ, विद्युतीय सामग्री, जुस तथा हल्का पेय पदार्थ, प्लाइउड र भेनिर, विद्युत् उत्पादन तथा प्रसारणसम्बन्धी उद्योग, जस्तापाता, हेभी मेसिन औजार मर्मत, फलाम, खरी, चुनढुङ्गा, डोलोमाइट, स:मिल, काष्ठ उद्योग, आल्मुनियम, ग्रिल, फोहोरमैला सङ्कलन तथा प्रशोधन, ढुवानी तथा कार्गो सेवा, मेसिन पार्टपुर्जा वर्कसप, मोटर ग्यारेज वर्कसप, छापाखाना तथा प्रेससम्बन्धी उद्योग, लघु तथा घरेलु, विशेष आर्थिक क्षेत्रमा सञ्चालित सबै उद्योग, औद्योगिक क्षेत्रका सबै उद्योग खुला गर्ने निर्णय भएकोले सो अनुसार यस कीर्तिपुर नगरपालिकामा पनि सामाजिक तथा भौतिक दूरी कायम गरी गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

## अत्यन्त जरुरी सूचना

नेपाल सरकारले घोषणा गरिरहेको लकडाउनको स्थितिलाई मध्यनजर गर्दै नेपाल सरकारको मिति २०७७ बैशाख २४ गतेको निर्णयअनुसार ढुवानी तथा कार्गो सेवा लगायत खुला गर्ने निर्णय भएकोले यस नगरमा पनि नगरपालिकाको योजना सम्झौता गरी रोकिरहेका सम्पूर्ण कार्यहरू सामाजिक तथा भौतिक दूरी कायम गरी पुन:सुचारु गर्न गराउनु हुन उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरूमा आह्वान गरिन्छ।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

## कीर्तिपुर नगरपालिका

**कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!**

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७०००३०७०२०००२**

# आकस्मिक कोषमा जनप्रतिनिधिको भत्ता जम्मा गरिने

कीर्तिपुर नगरपालिकाले स्थापना गरेको आकस्मिक राहत कोषमा यो साता मात्र रु.२ लाख २५ हजार सहयोग प्राप्त भएको छ । विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण नेपाल सरकारले पूरै नेपाललाई लकडाउन गरेकोले कीर्तिपुर नगरभित्र असङ्गठित क्षेत्रमा कार्य गर्ने तथा विपन्न वर्ग लगायत कोही पनि भोकै नपरुन् भनी कीर्तिपुर नगरपालिकाले राहत वितरण गर्न यो आकस्मिक कोषको स्थापना गरेको थियो ।

उक्त राहत कोषको लागि राष्ट्रिय बाणिज्य बैंक, टेकुमा "कीर्तिपुर नगरपालिका आकस्मिक कोष" नामक खाता खोली सञ्चालन गरेको हो भने हाल खाता नं. पनि परिवर्तन भएको छ। परिवर्तित खाता नं. १७०००३०७०१०००२ रहेको छ । उक्त आकस्मिक कोषमा सहयोग गर्न नगरपालिकाले सर्वसाधारणहरूसँग अनुरोध समेत गरेको छ।

आकस्मिक कोषमा रकम अभिवृद्धिका लागि नगर कार्यपालिकाको बैठकहरुको बैठक भत्ता बापतको रकम नगर प्रमुख, उप–प्रमुख तथा वडा अध्यक्षहरुको मिति २०७६ पौष देखि २०७७ आषाढ सम्मको सबै रकम उक्त आकस्मिक कोषमा जम्मा गर्ने र नगर कार्यपालिका एवं नगरसभा सदस्यहरूबाट स्वैच्छिक रुपमा प्राप्त हुने रकम सङ्कलनको संयोजन गर्ने जिम्मा कार्यपालिका सदस्य तथा पुनः निर्माण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री गंगाराम महर्जनलाई दिने निर्णय समेत गरेको छ।

## आकस्मिक कोषमा यो साता नगद सहयोग गर्नु हुनेको नामावली

५१. मोडर्न इण्डियन स्कुल – रु. १,००,०००।-
५२. बालकृष्ण महर्जन, की.न.पा. -३ – रु. ५०,०००।-
५३. बालकुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. – रु. २०,०००।-
५४. किपू हेरिटेज होम प्रा.लि., किपू– १, लायकू – रु १५,०००।-
५५. आर.पि. फाउण्डेशन (रविन्द्र पुरी मार्फत), भक्तपुर – रु. १५,०००।-
५६. महिला सशक्तिकरण केन्द्र – रु. १०,०००।-
५७. रत्न बहादुर महर्जन, की.न.पा.-९ – रु. ५,०००।-
५८. वसन्त/कुसुम महर्जन, की.न.पा.-१० – रु. ५,०००।-
५९. जीवन अर्याल, तःधंख्यः, धःपा – रु. ५,०००।-

*(५० नं. सम्म अघिल्लो अङ्कमा प्रकाशित भइसकेको छ।)*

# वडा नं ६ मा खानेपानी ट्याङ्की शिलान्यास

कीर्तिपुर नगरपालिका वडा नं ६,लनग्वः (छाप) मा एक कार्यक्रमका बीच खानेपानी ट्यांकीको शिलान्यास भएको छ। देशभरी लकडाउन चलिरहेको र सरकारले भौतिक दूरी कायम गर्दै विकास निर्माणका कार्य प्रारम्भ गर्न सकिने जनाएपछि गत बैशाख २० गते शनिबार उक्त योजना थालनी भएको हो । कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले पुजाआजा गरी शिलान्यास गर्नु भएको उक्त खानेपानी ट्याङ्की योजनाको शिलान्यास कार्यक्रममा नगर उप प्रमुख सरस्वती खड्का, वडा नं ६ का अध्यक्ष न्हुच्छे बहादुर महर्जन, वडा सदस्य सुनिल डंगोल र उत्तम नेपाललगायत निर्माण उपभोक्ता समितिका पदाधिकारीहरू तथा स्थानीय वासिन्दाहरूको उपस्थिति रहेको थियो।



कीर्तिपुर नगरपालिकाको १५ लाख तथा उपभोक्ता समितिको संयुक्त लगानीमा निर्माण शुरु भएको उक्त ट्याङ्कीको क्षमता १ लाख लिटर रहेको छ भने ट्याङ्की निर्माण सम्पन्न भए पछि त्यस क्षेत्रमा खानेपानी समस्या निकै हदसम्म समाधान हुने विश्वास गरिएको छ। ट्याङ्कीको शिलान्यास पछि आफ्नो संक्षिप्त मन्तव्य राख्नुहुँदै नगर प्रमुख महर्जनले कीर्तिपुरमा वडा नं. ६ खानेपानी आपूर्तिका सन्दर्भमा निकै अगाडि रहेको र ८० प्रतिशत भन्दा बढी बासिन्दाले खानेपानी सुविधा प्राप्त गरिरहेको र यस आयोजना सम्पन्न पछि ९० प्रतिशत लाभान्वित हुने बताउनु भयो । उहाँले वडा नं ६ खानेपानी समस्यामुक्त वडाका रुपमा स्थापित हुने क्रममा अगाडि बढिरहेको प्रति सन्तोष व्यक्त गर्नुहुँदै नगरपालिका यस कार्यमा सहयोग गर्न हरदम तयार रहेको पनि प्रष्ट पार्नुभयो ।

कीनपा उप प्रमुख सरस्वती खड्काले यस ठाउँमा विकास निर्माण कार्यमा देखिएको जनश्रमदानमा स्थानीयको सहभागिता प्रति खुशी व्यक्त गर्नुहँदै यो योजना एक महिनामै सम्पन्न हुने विश्वास समेत व्यक्त गर्नुभयो।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com